# विधेयक संख्याः

## आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

## विनियोजन विधेयक

प्रदेश सभा सचिवालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## <u>उद्देश्य र कारण</u>

आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र बिभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

<u>द्रष्टव्य:</u> यो विधेयक अर्थ विधेयक हो।

(झपटबहादुर वोहरा)
आर्थिक मामिला तथा योजनामन्त्री

# आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन सम्वत् २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७७/७८ को निमित्त **अनुसूची -१** बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक **अनुसूची -२** को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लेखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू. ३३,३७,५८,२६।- (अक्षरेपी तेत्तिस अर्ब सैंतिस करोड अन्ठाउन्न लाख छब्बीस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. **विनियोजन:** (१) यो ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त **अनुसूची–२ को** महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम **अनुसूची–२** को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संकेतमा बचत हुने र कुनै अनुदान संकेतमा अपुग हुने देखिन आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संकेतबाट अपुग हुने अनुदान संकेतमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान संकेतबाट अर्को एक वा एकभन्दा बढी अनुदान संकेतमा रकम सार्न, निकासा र खर्च जनाउन, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर

(क) एउटै अनुदान संकेतभित्रका बजेट शीर्षक वा उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालू खर्च शीर्षकतर्फ सार्न सकिने छैन।

(ग) महामारी, प्राकृतिक विपद् जस्ता असामान्य अवस्था सिर्जना भई स्रोत अभाव हुन गएको अवस्थामा उपदफा (३) वमोजिमको एक अनुदान संकेतवाट अर्को अनुदान संकेतमा रकम सार्ने सीमा प्रदेश सरकार मन्त्रिपरिषद्ले तोके वमोजिम हुनेछ ।यसरी सीमा बढाईएको जानकारी प्रदेश सभा समक्ष पेश गर्नुपर्नेछ ।

(४) स्थानीय तहका लागि अनुदान संकेत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संकेतमा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संकेत ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान संकेतमा निकासा र खर्च हुने हो सोही अनुदान संकेतमा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. **अन्तरसरकारी वित्तीय हस्तान्तरणः** (१) अनुदान संकेत ८०१ को रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय संचित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय संचित कोषमा प्रत्येक आर्थिक वर्षको भाद्र १०, कार्तिक १०, माघ १० र बैशाख १० गते गरी चार किस्तामा दाखिल गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजस्व संकलन र स्रोत व्यवस्थापन हुन नसकेमा प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ताको हकमा राजस्व संकलन र नेपाल सरकारबाट प्राप्त हुने स्रोतमा आधारित भई प्रदेश सरकारले तोकेको रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको सूत्र अनुसार प्रदेश सरकारले तोकेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय संचित कोषमा दाखिल गर्नेछ।

(४) उपदफा (२) बमोजिम वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक ७ गते, माघ ७ गते र बैशाख ७ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र तथा उपदफा (३) बमोजिम प्रदेश सरकारबाट किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम स्थानीय संचित कोषमा दाखिल गरिने छैन।

(६) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक तिहाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय संचित कोषमा प्रत्येक वर्षको भाद्र २ गते दाखिला गर्नेछ।

(७) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रममा मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण, वार्षिक विकास कार्यक्रम र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिमको कार्ययोजना अनुसार खर्च भएको रकमको विवरण स्थानीय तहले आर्थिक वर्षको मङ्सिर १५ गते, चैत्र १५ गते र असार २५ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (६) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजना गरी बाँकी रकम शोधभर्ना निकासा दिनुपर्नेछ।

(१०) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नुपर्नेछ।

(११) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालय मार्फत आगामी आर्थिक वर्षको असोज मसान्तभित्र प्रदेश प्रदेश संचित कोषमा फिर्ता दाखिल गर्नुपर्नेछ।

(१२) उपदफा (११) बमोजिम बचत रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

५. **<u>योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्न उपयुक्त हुने देखिएमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम सशर्त अनुदानको रुपमा हस्तान्तरण गर्न सकिनेछ। सो हस्तान्तरणको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहमा दिनु पर्नेछ।

(२) यस ऐन बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो योजना र कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ।

(३) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा हस्तान्तरण भएको वा स्थानीय तहले स्वीकृत गरेको पूँजीगत तर्फका कुनै योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारको बिषयगत मन्त्रालयको सिफारिशमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृती लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा दिनुपर्नेछ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको कुनै निकायले स्वीकृत गरेको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत सञ्चालन गर्न आवश्यक भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयको स्वीकृतिमा त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउन सकिनेछ।

(५) उपदफा (४) बमोजिमको निर्णयको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ।

(६) उपदफा (३) बमोजिम स्थानीय तहको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्यिन गर्ने निर्णय भएमा स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनुपर्नेछ।

(७) उपदफा (४) बमोजिम प्रदेश सरकारको योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने स्वीकृति प्राप्त भएमा संघीय कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनुपर्नेछ।

६. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरु विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

७. **वित्तीय अनुशासनः** (१) स्थानीय तहले यस ऐन बमोजिम प्राप्त गर्ने राजस्व र अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो संचित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) प्रचलित संघीय र प्रादेशिक कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागु गर्नुपर्ने।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले सम्वत् २०७७ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँड गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाईलाई दिनुपर्नेछ।

तर कुनै मनासिव कारणले सम्वत् २०७७ साल असोजभित्र विनियोजन भएको निकायको प्रमुखले बाँडफाँड गर्न नसकेमा सोको कारण खुलाई बाँडफाँडको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्वत् २०७७ साल कार्तिक मसान्तभित्र बाँडफाँड गर्ने सक्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी र स्रोत फरक नपर्ने गरी सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षकभित्रको भैरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन ) अध्यादेश, २०७७ को दफा १७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको अधिनमा रही थप हुने खर्च शिर्षकको शुरु विनियोजनको पच्चीस प्रतिशतसम्मको रकमान्तर,

(ग) एकभन्दा बढी निकायमा बाँडफाँड भएको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शिर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा रकम घटाउने कार्यालयसंग सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयको रोक्का पत्रको आधारमा क्रियाकलापमा परिवर्तन नगरी तथा कुल परिमाणात्मक लक्ष्यमा नघट्ने गरी कार्यक्रम संशोधन।

(८) उपदफा (६) र (७) बमोजिमको संशोधन सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराउनु पर्नेछ।

९. **कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने :** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने व्यवस्थाका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाई लागू गर्न गराउन सक्नेछ।

१०. **आदेश जारी गर्न सक्ने :** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

११. **विविधः** (१) प्रदेश सरकारको विनियोजन ऐन पारित भैसके पश्चात नेपाल सरकारबाट स्रोतको रुपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी रकम प्राप्त भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी रकम घटेमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन दिने र रकम बढेमा खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालय तथा निकायलाई दिनेछ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित बिवरण आगामी आर्थिक वर्षको आय र व्ययको बिवरणसाथ प्रदेश सभामा पेश गर्नुपर्नेछ।

# प्रदेश संचित कोषमाथि व्ययभार हुने अनुमानको सारांश

अनुसूची १

रु. हजारमा

| क्र.सं | अनुदान संख्या | शिर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२ | प्रदेश व्यवस्थापिका (सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | २५२२ | ० | ० | २५२२ |
| २ | ६०२ | अर्थ- विविध (न्यायिक फिर्ता) | ३००० | ० | ० | ३००० |
| **जम्मा** | | | | | | ५५२२ |

# प्रदेश संचित कोषबाट विनियोजन हुने रकम
## दफा (२) संग सम्बन्धित

अनुसूची २

(रू. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क्र सं** | **अनुदान संकेत** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका सचिवालय | १५०६९२ | ३७८५० | ० | १८८५४२ |
| २ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७३०१३६ | १०५९१४१ | ० | १७८९२७७ |
| ३ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १६१९९८५ | २२४४५ | ० | १६४२४३० |
| ४ | ३०७ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १७६७४३७ | १०१३५७२ | ० | २७८१००९ |
| ५ | ३१२ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २८६२०५६ | ४७१०७६ | ० | ३३३३१३२ |
| ६ | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १५८५९३ | ३१०००८ | ० | ४६८६०१ |
| ७ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३७८८८९ | १०७२६४१४ | ० | १११०५३०३ |
| ८ | ३५० | सामाजिक विकास मन्त्रालय | ४७५८६८१ | १८६७९८२ | ० | ६६२६६६३ |
| ९ | ५०१ | अर्थ वित्तीय व्यवस्था | 0 | ० | ३००००० | ३००००० |
| १० | ६०२ | अर्थ विविध | १७५५८६९ | १२५०००० | ० | ३००५८६९ |
| ११ | ८०१ | स्थानीय तह (वित्तीय समानीकरण) | ६३०००० | ० | ० | ६३०००० |
| | | स्थानीय तह (सशर्त अनुदान) | ५००० | ० | ० | ५००० |
| | | स्थानीय तह (समपूरक अनुदान) | १०००००० | ० | ० | १०००००० |
| | | स्थानीय तह (विषेश अनुदान) | ५००००० | ० | ० | ५००००० |
| **कुल जम्मा** | | | **१६३१७३३८** | **१६७५८४८८** | **३०००००** | **३३३७५८२६** |

# अन्तरसरकारी वित्तीय हस्तान्तरण

## (स्थानीय तह)

आर्थिक वर्ष २०७७/७८

अनुसूची ३

रु. हजारमा

| शीर्षक | समानिकरण अनुदान (२६३३१) | सशर्त अनुदान (२६३३२) | विशेष अनुदान (२६३३३) | समपुरक अनुदान (२६३३४) | जम्मा |
|---|---|---|---|---|---|
| स्थानीय तह | ६३०००० | ५००० | ५००००० | १०००००० | २१३५००० |
| बाजुरा | | | | | |
| नगरपालिका | | | | | |
| ८०१०७११३३ त्रिवेणी नगरपालिका | ६८८४ | ० | ६८०० | ४७०७ | १८३९१ |
| ८०१०७११४३ बडिमालिका नगरपालिका | ६९६८ | ० | ६८०० | १५००० | २८७६८ |
| ८०१०७११५३ बुढिगंगा नगरपालिका | ६८१० | ० | ७००० | १७९४७ | ३१७५७ |
| ८०१०७११६३ बुढिनन्दा नगरपालिका | ६८८७ | ० | ४३०० | १४०६१ | २५२४८ |
| गाउँपालिका | | | | | |
| ८०१०७३२०३ गौमुल गाउँपालिका | ६९९८ | ० | ६८०० | ३७६३ | १७५६१ |
| ८०१०७३२१३ खप्तड छेडेदह गाउँपालिका | ६९९७ | ० | ६८०० | १६२३३ | ३००३० |
| ८०१०७३२२३ जगन्नाथ गाउँपालिका | ६९८१ | ० | ६९०० | १५५०४ | २९३८५ |
| ८०१०७३२३३ स्वामिकार्तिक खापर गाउँपालिका | ७००७ | ० | ६८०० | १२८०० | २६६०७ |
| ८०१०७३२४३ हिमाली गाउँपालिका | ७००७ | ० | ६८०० | १६००० | २९८०७ |
| बझाङ | | | | | |
| नगरपालिका | | | | | |
| ८०१०७११७३ जयपृथ्वी नगरपालिका | ६९६२ | ० | ७००० | १५३१४ | २९२७६ |
| ८०१०७११८३ बुंगल नगरपालिका | ७१९८ | ० | ६८०० | १३२२५ | २७२२३ |
| गाउँपालिका | | | | | |
| ८०१०७३२५३ साइपाल गाउँपालिका | ६९९५ | ० | ६८०० | ६३३६ | २०१३१ |
| ८०१०७३२६३ केदारस्युँ गाउँपालिका | ७००७ | ० | ६८०० | १४००० | २७८०७ |
| ८०१०७३२७३ खप्तडछान्ना गाउँपालिका | ६९७५ | ० | ६८०० | ९०६९ | २२८४४ |
| ८०१०७३२८३ छबिसपाथिभेरा गाउँपालिका | ६९८७ | ० | ४५०० | ० | ११४८७ |
| ८०१०७३२९३ तलकोट गाउँपालिका | ६९६९ | ० | ६८०० | ११२९६ | २५०६५ |
| ८०१०७३३०३ थलारा गाउँपालिका | ६९७१ | ० | ७००० | ० | १३९७१ |

# अन्तरसरकारी वित्तीय हस्तान्तरण

## (स्थानीय तह)

आर्थिक वर्ष २०७७/७८

अनुसूची ३

रु. हजारमा

| शीर्षक | समानिकरण अनुदान (२६३३१) | सशर्त अनुदान (२६३३२) | विशेष अनुदान (२६३३३) | समपुरक अनुदान (२६३३४) | जम्मा |
|---|---|---|---|---|---|
| ८०१०७३३१३ दुर्गाथली गाउँपालिका | ६९८७ | ० | ६८०० | १५६२८ | २९४१५ |
| ८०१०७३३२३ मष्टा गाउँपालिका | ७०१० | ० | ६९०० | १९०५२ | ३२९६२ |
| ८०१०७३३३३ वित्थडचिर गाउँपालिका | ६९९४ | ० | ६८०० | १३२२५ | २७०१९ |
| ८०१०७३३४३ सूर्मा गाउँपालिका | ७००७ | ० | ७००० | ११७५१ | २५७५८ |
| **डोटी** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७१०७३ दिपायल सिलगढी नगरपालिका | ७२९९ | ० | ६००० | १४५९९ | २७८९८ |
| ८०१०७१०८३ शिखर नगरपालिका | ७०८७ | ० | ४००० | ३०६८ | १४१५५ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३०७३ आदर्श गाउँपालिका | ६९६८ | ० | ५८०० | १३६०९ | २६३७७ |
| ८०१०७३०८३ के.आइ.सिं गाउँपालिका | ६९४३ | ० | ५९०० | ५७२८ | १८५७१ |
| ८०१०७३०९३ जोरायल गाउँपालिका | ६९३८ | ० | ५८०० | २६३७ | १५३७५ |
| ८०१०७३१०३ पुर्विचौकी गाउँपालिका | ६९४० | ० | ५८०० | १०५०० | २३२४० |
| ८०१०७३११३ बुडिकेदार गाउँपालिका | ६९५३ | ० | ५८०० | ९६२५ | २२३७८ |
| ८०१०७३१२३ बोगटान फुडसिल गाउँपालिका | ६९५५ | ० | ५८०० | ११३५१ | २४१०६ |
| ८०१०७३१३३ सायल गाउँपालिका | ६९६५ | ० | ५८०० | १३४२९ | २६१९४ |
| **अछाम** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७१०९३ कमलबजार नगरपालिका | ६९७३ | ० | ६८०० | ११२९१ | २५०६४ |
| ८०१०७११०३ पंचदेवल विनायक नगरपालिका | ७०९६ | ० | ६८०० | ७७७३ | २१६६९ |
| ८०१०७१११३ मंगलसेन नगरपालिका | ७०९५ | ० | ६८०० | ९८४४ | २३७३९ |
| ८०१०७११२३ साँफेबगर नगरपालिका | ७१३४ | ० | ६८०० | ७७४२ | २१६७६ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३१४३ चौरपाटी गाउँपालिका | ७१४५ | ० | ६९०० | १६००७ | ३००५२ |

# अन्तरसरकारी वित्तीय हस्तान्तरण

## (स्थानीय तह)

आर्थिक वर्ष २०७७/७८

अनुसूची ३

रु. हजारमा

| शीर्षक | समानिकरण अनुदान (२६३३१) | सशर्त अनुदान (२६३३२) | विशेष अनुदान (२६३३३) | समपुरक अनुदान (२६३३४) | जम्मा |
|---|---|---|---|---|---|
| ८०१०७३१५३ ढकारी गाउँपालिका | ६९९५ | ० | ६८०० | १५४७६ | २९२७१ |
| ८०१०७३१६३ तुर्माखाद गाउँपालिका | ६९९६ | ० | ६७०० | १६८३६ | ३०५३२ |
| ८०१०७३१७३ बान्नीगढी जयगढ गाउँपालिका | ६९२० | ० | ६८०० | ३३२७ | १७०४७ |
| ८०१०७३१८३ मेल्लेख गाउँपालिका | ६९६० | ० | ६८०० | १४६८२ | २८४४२ |
| ८०१०७३१९३ रामारोशन गाउँपालिका | ७१७९ | ० | ६८०० | १६६४० | ३०६१९ |
| **दार्चुला** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७११९३ माहाकाली नगरपालिका | ६९४३ | ० | ७००० | १४४८१ | २८४२४ |
| ८०१०७१२०३ शैल्यशिखर नगरपालिका | ६८६९ | ० | ६८०० | ५००१ | १८६७० |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३३५३ अपिहिमाल गाउँपालिका | ६९७० | ० | ६९०० | १२४५६ | २६३२६ |
| ८०१०७३३६३ दुहुँ गाउँपालिका | ६८९४ | ० | ६९०० | ८०५० | २१८४४ |
| ८०१०७३३७३ नौगाड गाउँपालिका | ६९८० | ० | ७००० | ९९७९ | २३९५९ |
| ८०१०७३३८३ व्यास गाउँपालिका | ६९६५ | ० | ६९०० | १२००० | २५८६५ |
| ८०१०७३३९३ मार्मा गाउँपालिका | ६९८९ | ० | ६९०० | ८८५५ | २२७४४ |
| ८०१०७३४०३ मालिकार्जुन गाउँपालिका | ६९५० | ० | ६८०० | १३०७७ | २६८२७ |
| ८०१०७३४१३ लेकम गाउँपालिका | ७००० | ० | ६९०० | १३०९४ | २६९९४ |
| **बैतडी** | | | | | |
| **नगरपालिका** | | | | | |
| ८०१०७१२१३ दशरथचन्द नगरपालिका | ७३१५ | ० | ५८०० | ६३७९ | १९४९४ |
| ८०१०७१२२३ पाटन नगरपालिका | ७१२३ | ० | ६००० | १३०३२ | २६१५५ |
| ८०१०७१२३३ पुर्चौंडी नगरपालिका | ७३९५ | ० | ६२०० | ० | १३५९५ |
| ८०१०७१२४३ मेलौली नगरपालिका | ६८७८ | ० | ५८०० | १७४९९ | ३०१७७ |
| **गाउँपालिका** | | | | | |

# अन्तरसरकारी वित्तीय हस्तान्तरण

## (स्थानीय तह)

आर्थिक वर्ष २०७७/७८

अनुसूची ३

रु. हजारमा

| शीर्षक | समानिकरण अनुदान (२६३३१) | सशर्त अनुदान (२६३३२) | विशेष अनुदान (२६३३३) | समपुरक अनुदान (२६३३४) | जम्मा |
|---|---|---|---|---|---|
| ८०१०७३४२३ डिलासैनी गाउँपालिका | ६९८६ | ० | ५८०० | १२९१४ | २५७०० |
| ८०१०७३४३३ दोगडाकेदार गाउँपालिका | ६९४७ | ० | ५४०० | १४२७९ | २६६२६ |
| ८०१०७३४४३ पन्चेश्वर गाउँपालिका | ६९७५ | ० | ५००० | ११९६८ | २३९४३ |
| ८०१०७३४५३ शिवनाथ गाउँपालिका | ६९९० | ० | ५९०० | १२६७३ | २५५६३ |
| ८०१०७३४६३ सिसाग गाउँपालिका | ६९८७ | ० | ५५०० | ९९५८ | २२४४५ |
| ८०१०७३४७३ सुर्नया गाउँपालिका | ६९५३ | ० | ५५०० | १३७५३ | २६२०६ |

# अन्तरसरकारी वित्तीय हस्तान्तरण

(स्थानीय तह)

आर्थिक वर्ष २०७७/७८

अनुसूची ३

रु. हजारमा

| शीर्षक | समानिकरण अनुदान (२६३३१) | सशर्त अनुदान (२६३३२) | विशेष अनुदान (२६३३३) | समपुरक अनुदान (२६३३४) | जम्मा |
|---|---|---|---|---|---|
| डडेल्धुरा | | | | | |
| नगरपालिका | | | | | |
| ८०१०७१२५३ अमरगढी नगरपालिका | ६८५५ | ० | ४९०० | १०००० | २१७५५ |
| ८०१०७१२६३ परशुराम नगरपालिका | ७३६२ | ० | ५७०० | १६७४२ | २९८०४ |
| गाउँपालिका | | | | | |
| ८०१०७३४८३ अजयमेरु गाउँपालिका | ६९२७ | ० | ६००० | ७५४७ | २०४७४ |
| ८०१०७३४९३ आलिताल गाउँपालिका | ६९४३ | ० | ५५०० | ११८४९ | २४२९२ |
| ८०१०७३५०३ गन्यापधुरा गाउँपालिका | ६९१९ | ० | ३५०० | ० | १०४१९ |
| ८०१०७३५१३ नवदुर्गा गाउँपालिका | ६९६४ | ० | ५९०० | ५७२० | १८५८४ |
| ८०१०७३५२३ भागेश्वर गाउँपालिका | ६९३८ | ० | ५६०० | ५९७९ | १८५१७ |
| कञ्चनपुर | | | | | |
| नगरपालिका | | | | | |
| ८०१०७१२७३ कृष्णपुर नगरपालिका | ७७८४ | ० | ० | ० | ७७८४ |
| ८०१०७१२८३ पुनर्वास नगरपालिका | ७२९३ | ० | ४८०० | १५३५८ | २७४५१ |
| ८०१०७१२९३ बेदकोट नगरपालिका | ७४१२ | ० | ० | ० | ७४१२ |
| ८०१०७१३०३ बेलौरी नगरपालिका | ७४६९ | ० | ० | १६९६५ | २४४३४ |
| ८०१०७१३१३ भिमदत्त नगरपालिका | ८७५८ | ० | ५६०० | २७९२१ | ४२२७९ |
| ८०१०७१३२३ माहाकाली नगरपालिका | ७३२७ | ० | ५३०० | ११७५४ | २४३८१ |
| ८०१०७१३३३ शुक्लाफाँटा नगरपालिका | ७४७१ | ० | ४८०० | १७७११ | २९९८२ |
| गाउँपालिका | | | | | |
| ८०१०७३५३३ बेलडाँडी गाउँपालिका | ६८९४ | ० | ० | ८६१९ | १५५१३ |
| ८०१०७३५४३ लालझाडी गाउँपालिका | ६९२८ | ० | ४९०० | १३३४५ | २५१७३ |
| कैलाली | | | | | |
| उपमहानगरपालिका | | | | | |

# अन्तरसरकारी वित्तीय हस्तान्तरण

(स्थानीय तह)

आर्थिक वर्ष २०७७/७८

अनुसूची ३

रु. हजारमा

| शीर्षक | समानिकरण अनुदान (२६३३१) | सशर्त अनुदान (२६३३२) | विशेष अनुदान (२६३३३) | समपुरक अनुदान (२६३३४) | जम्मा |
|---|---|---|---|---|---|
| ८०१०७०३१३ धनगढी उप महानगरपालिका | ९५२६ | ० | ११००० | ४०२९० | ६०८१६ |
| **नगरपालिका** | | | | | |
| ८०१०७१०१३ गोदावरी नगरपालिका | ८१८४ | ० | ० | ० | ८१८४ |
| ८०१०७१०२३ गौरीगंगा नगरपालिका | ७६७१ | ० | ४९०० | १४०३० | २६६०१ |
| ८०१०७१०३३ घोडाघोडी नगरपालिका | ८१८९ | ० | ४९०० | १२२८३ | २५३७२ |
| ८०१०७१०४३ टिकापुर नगरपालिका | ७९८९ | ५००० | ४९०० | १४००० | ३१८८९ |
| ८०१०७१०५३ भजनी नगरपालिका | ७५३९ | ० | ४८०० | ६७९६ | १९१३५ |
| ८०१०७१०६३ लम्किचुहा नगरपालिका | ८०१५ | ० | ४९०० | २४००० | ३६९१५ |
| **गाउँपालिका** | | | | | |
| ८०१०७३०१३ कैलारी गाउँपालिका | ७५३५ | ० | ४९०० | ५४२१ | १७८५६ |
| ८०१०७३०२३ चुरे गाउँपालिका | ६९५४ | ० | ० | ० | ६९५४ |
| ८०१०७३०३३ जानकी गाउँपालिका | ७५३९ | ० | ५५०० | ११९३० | २४९६९ |
| ८०१०७३०४३ जोशिपुर गाउँपालिका | ७२८२ | ० | ५२०० | ११०६९ | २३५५१ |
| ८०१०७३०५३ बर्दगोरिया गाउँपालिका | ७१०५ | ० | ४९०० | १४८३३ | २६८३८ |
| ८०१०७३०६३ मोहन्याल गाउँपालिका | ६९७७ | ० | ४९०० | १७३१५ | २९१९२ |
| **जम्मा** | **६३००००** | **५०००** | **५०००००** | **१००००००** | **२१३५०००** |

प्रदेश सभाको सम्बत् २०७७ साल असाढ २० गते बुधवारका दिन बसेको २५ औ बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।

................................

माननीय अर्जुन वहादुर थापा
सभामुख
सुदूरपश्चिम प्रदेश
मितिः २०७७/०३/२६

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु।

........................................

माननीय सर्मीला कुमारी पन्त
प्रदेश प्रमुख

मितिः......................